कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)
वर्ष: २४ | अंक: १५७ | वि.सं. २०८१ असोज १ मंगलवार | नेपाल संवत: ११४४, भदौ शुक्ल चतुर्दशी | Tuesday 17 September. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## कर्णालीमा बढ्दै अख्तियार दुरुपयोगका मुद्दा

# चालू आर्थिक वर्षको दुई महिनामै तीन सय बढी उजुरी

**रमेश रावल**
**सुर्खेत, ३१ भदौ ।**

कर्णाली प्रदेशमा अख्तियार दुरुपयोग सम्बन्धिका मुद्दा बढ्दै गएको पाइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औं बार्षिक प्रतिवेदनले कर्णालीमा अख्तियारको दुरुपयोग बढ्दै गएको देखाएको छ। शनिबार राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेश भएको प्रतिवेदनमा कर्णाली प्रदेशभर अनियमितताका आरोपसहितका मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बृद्धि भएको उल्लेख छ।

> अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रदेश कार्यालय सुर्खेतका अनुसार साउन महिनामा एक सय ८९ वटा मुद्दा दायर भएका छन् भने भदौं महिनामा एक सय १३ मुद्दा दर्ता भएका छन्।

कर्णाली प्रदेशबाट आयोगमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अर्न्तगत वन तथा वातावरणतर्फ, भौतिक पूर्वाधार मन्त्रालय अर्न्तगत भौतिक पूर्वाधार तथा यातायाततर्फका र भौतिक पूर्वाधार मन्त्रालय अर्न्तगत खानेपानीतर्फका बढी मुद्दा रहेका छन्।

कर्णालीमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अर्न्तगत वन तथा वातावरणतर्फका गत आर्थिक वर्ष जिम्मेवारी सरेर आएका ४७ वटा आर्थिक वर्ष २०८०/०८१ मा ७६ गरी जम्मा एक सय १३ अर्थात दुई दशमलव ८१ प्रतिशत, भौतिक पूर्वाधार मन्त्रालय अर्न्तगत भौतिक पूर्वाधार तथा यातायाततर्फ गत आर्थिक वर्षमा जिम्मेवारी सरेका ३३ वटा, आर्थिक वर्ष २०८०/०८१ मा ६२ वटा गरी ९५ अर्थात दुई दशमलव १७ प्रतिशत मुद्दा अख्तियारमा दर्ता भएका छन्। यस्तै, भौतिक पूर्वाधार मन्त्रालय अर्न्तगत खानेपानीतर्फका गत आर्थिक वर्ष जिम्मेवारी सरेका २६ वटा, आर्थिक वर्ष २०८०/०८१ मा दर्ता भएका ६४ वटा गरेर ९० मुद्दा दर्ता भएको अर्थात दुई दशमलव ६ प्रतिशत रहेको आयोगको केन्द्रीय कार्यालय काठमाडौंका प्रवक्ता नरहरि घिमिरे जानकारी दिए।



### दुई महिनामा झण्डै तीन सय बढी मुद्दा दर्ता

कर्णालीमा आर्थिक वर्ष २०८१/०८२ को दुई महिनामा मात्र तीन सय दुई मुद्दा दर्ता भएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रदेश कार्यालय सुर्खेतका अनुसार साउन महिनामा एक सय ८९ वटा मुद्दा दायर भएका छन् भने भदौं महिनामा एक सय १३ मुद्दा दर्ता भएका छन्।

साउन महिनामा परेका मुद्दाहरुमा लिखित निवेदन ८० वटा, टेलिफोनबाट २३ वटा, इमेलबाट ८१ वटा मुद्दा दायर भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतका सूचना अधिकारी दिनेश पौडेलले जानकारी दिए। उनका अनुसार भदौ महिनामा दर्ता भएका एक सय आठ मुद्दामध्ये लिखित निवेदनबाट ५४ वटा, टेलिफोनबाट १० वटा र इमेलबाट ४६ वटा मुद्दा दर्ता भएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रदेश कार्यालय सुर्खेतले कर्णालीका १० जिल्ला र लुम्बिनी प्रदेशको एउटा जिल्ला हेर्दै आएको छ। रुकुम पूर्व २४, रुकुम पश्चिम २६, डोल्पा १६, जुम्ला २७, मुगु १५, हुम्ला २८, कालिकोट ३८, जाजरकोट २९, दैलेख ६५, सुर्खेत ४८ र सल्यान १० मुद्दा परेको सूचना अधिकारी पौडेलले जानकारी दिए।

त्यस्तै, गत आर्थिक वर्षमा कर्णाली प्रदेशमा दुई हजार सात सय ७० मुद्दा परेमा एक हजार पाँच सय ५९ मुद्दा फर्छौट भएको र एक हजार दुई सय ११ मुद्दा सरेर आएको सूचना अधिकारी पौडेलले जानकारी दिए।

चालू आर्थिक वर्षमा गत वर्ष सरेर आएका एक हजार दुई सय ११ मुद्दा र चालू आर्थिक वर्षका तीन सय दुई मुद्दा गरेर एक हजार पाँच सय १३ मुद्दामध्ये एक सय ७६ मुद्दा फर्छौट भएको र अब एक हजार तीन सय ३७ मुद्दा फर्छौट हुन बाँकी रहेको आयोगको कर्णाली प्रादेशिक कार्यालय सुर्खेतले जनाएको छ।

### देशभरबाट एक वर्षमा झण्डै २७ हजार मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको चौतीसौं बार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ का अनुसारका आर्थिक वर्ष २०८०/०८१ मा आयोगमा विभिन्न माध्यमबाट देशभरबाट प्राप्त भएका २६ हजार नौ १८ उजुरीहरु र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका नौ हजार दुई सय ६८ उजुरीहरु समेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या ३६ हजार एक सय ८६ रहेकोमा ७६ दशमलव ५९ प्रतिशत उजुरी २७ हजार सात सय १४ स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएको आयोगले जनाएको छ।

आयोगमा प्राप्त उजुरीमध्ये सबैभन्दा बढी संङ्घीय मामिला (स्थानीय तहसमेत) सँग सम्बन्धित ३८ दशमलव ९१ प्रतिशत रहेको र त्यसपश्चात, क्रमशः शिक्षा (स्थानीय तहसमेत) १५ दशमलव ७९ प्रतिशत, गैरकानुनी सम्पत्ती आर्जन ६ दशमलव ९८ प्रतिशत, भूमि प्रशासन ६ दशमलव ४९ प्रतिशत, नक्कली शैक्षिक प्रमाण-पत्र ४ दशमलव ७१ प्रतिशत, वन तथा वातावरण ३ दशमलव ८२ प्रतिशत, स्वास्थ्य तथा जनसंख्या ३ दशमलव ६८ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायात ३ दशमलव ६१ प्रतिशत, गृह प्रशासन ३ दशमलव ५२ प्रतिशत, अर्थ २ दशमलव १३ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइ २ दशमलव १० प्रतिशत खानेपानी तथा शहरी विकास १ दशमलव ६१ प्रतिशत र अन्य निकाय/क्षेत्रसँग सम्बन्धित उजुरीहरू ६ दशमलव ६५ प्रतिशत रहेको आयोगले जनाएको छ।

आर्थिक वर्ष २०८०/०८१ मा आयोगमा परेका उजुरीमध्ये २७ हजार सात सय १४ वटा उजुरी अर्थात् ७६ दशमलव ५९ प्रतिशत स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएको आयोगले

बाँकी ३ पेजमा

## ‘कृषिका कुरा गर्नेहरू कहिल्यै किसान बन्न सकेनन्’



**युग संवाददाता**
**सुर्खेत, ३१ भदौ ।**

कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले कृषिका कुरा गर्नेहरू वास्तविक किसान कहिल्यै बन्न नसकेको बताएका छन्। बिपी चिन्तन प्रतिष्ठान कर्णाली प्रदेशद्वारा सोमबार वीरेन्द्रनगरमा आयोजित ‘नेपालमा कृषि क्रान्तिः सम्भावना र चुनौती’ विषयक विचार गोष्ठीमा योजनामन्त्री शाहले कृषि प्रधान देशमा कृषि पेसालाई हेला गरिएको बताए। उनले भने, “यहाँ जसले कृषि उत्पादन र उत्पादकत्व बढाउनुपर्छ भनेर ठूला कुरा गर्छन्। त्यसले नै बढी आयातीत वस्तु खाइरहेको छ र आफ्नो उत्पादनमा कुनै ध्यान दिएको छैन।”


खाद्यान्नमा निर्भर राज्यले कृषिमा धेरै लगानी गर्नुपर्ने बताउँदै उहाँले गलत गर्नेहरू राजनीतिमा हाबी हुँदा पछिल्लो समय राजनीति विशुद्ध सेवाभन्दा पनि पेसा व्यापार जस्तो भएको टिप्पणी गरे। कर्णाली अर्गानिक कृषि उत्पादनका हिसाबले सम्भाव्य प्रदेश भएको बताउँदै उनले मुलुकको समृद्धि र राजनीतिक स्थायित्वका लागि व्यक्तिगत स्वार्थबाट माथि उठेर काम गर्नुपर्नेमा जोड दिए।

कर्णाली प्रदेशसभा सदस्य खड्ग बहादुर पोखरेलले कृषि क्षेत्रमा अनुदान प्राप्त गर्ने व्यक्तिबारे थाहा हुन नसकेको बताए। अरूको फार्म देखाएर अनुदान खाने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताउँदै उनले वास्तविक किसानको मनोबल बढ्ने खालको नीति तथा कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए।

बिपी चिन्तन प्रतिष्ठानका सहअध्यक्ष पुष्पराज पराजुली कृषि अभियान नेपालको अनिवार्य आवश्यकता भएको बताए। “किसानको आर्थिक उन्नति

बाँकी ३ पेजमा

डिपेन्डेन भिसा
सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला।
**सम्पर्क नं.:** ९८२९६७५६५०, ९७६९७७२९२३



प्रतिस्पर्धाबाट सुशासन, पारदर्शीता र जवाफदेहिता
jobkarnali.com
tenderkarnali.com
विश्व बजारमा अर्गानिक र रैथाने उत्पादन
ebazar.yugnews.com
कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
वीरेन्द्रनगर, सुर्खेत
083-521627, 9858052810
9858055628, 9858055627
yugaawhan@gmail.com

## उपमहानगरद्वारा नगर बस सेवा सञ्चालन

**युग संवाददाता**
**कैलाली, ३१ भदौ ।**

धनगढी उपमहानगरपालिकाले सोमबार नगर बस सेवाको उद्घाटन गरेको छ। फूलबारी बसपार्कमा एक कार्यक्रम आयोजना गरी नगर बससेवाको उद्घाटन गरिएको हो। उपप्रमुख कन्दकला रानाले सिटी बजाएर र हरियो झन्डा देखाएर उक्त नगर बससेवाको उद्घाटन गरे।

उपमहानगरपालिकाले खरिद गरेको नगर बस कैलारी गाउँपालिकाको हसुलियाबाट, फूलबारी, धनगढी हुँदै गोदावरीको अत्तरियासम्म चल्ने रुट तोकिएको उपमहानगरपालिकाले जनाएको छ। यही असोज १ गतेदेखि सुरु हुने नगर बससेवा बिहान ६ देखि साँझ ७ बजेसम्म सञ्चालन हुने बताइएको छ। छवटा बसबाट नगर बस सेवा सुरु गरिएको छ। धनगढीको ‘के एन्ड के कन्स्ट्रक्सन’ले वार्षिक रु २८ लाख ८८ हजार नौ सय १९ मा नगर बससेवा चलाउने ठेक्का

बाँकी ३ पेजमा

## बाँकेमा रगतको मागअनुसार आपूर्ति हुन सकेन




**युग संवाददाता**
**बाँके, ३१ भदौ ।**

बाँकेका विभिन्न अस्पतालमा रगतको अभाव हटाउन यहाँ दिनहुँजसो रक्तदान हुन थालेको छ। रगतको मौज्दात नहुँदा बाँकेमा रगतको अभाव देखिन थालेपछि विभिन्न सङ्घ संस्थाको अग्रसरतामा रक्तदान हुन थालेको नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र नेपालगञ्जले जनाएको छ।

केही दिनयता विभिन्न सङ्घसंस्थाले रक्तदान कार्यक्रम आयोजना गरेकाले रगतको अभाव नभएको केन्द्रका प्रमुख उपेन्द्र रेग्मीले जानकारी दिए। उनले भने, “अहिले तत्काल रगतको अभाव नभए पनि विभिन्न सङ्घसंस्थाले कार्यक्रम नगर्दा समस्या आउने देखिएको छ, त्यसैले रक्तदान भइरहेको छ।”

> “अहिले तत्काल रगतको अभाव नभए पनि विभिन्न सङ्घसंस्थाले कार्यक्रम नगर्दा समस्या आउने देखिएको छ, त्यसैले रक्तदान भइरहेको छ।”

प्रमुख रेग्मीले नेपालगञ्ज मेडिकल सहरका रूपमा रुपान्तरण भएको उल्लेख गर्दै रेडक्रसका खजुरा, कोहलपुर, नेपालगञ्ज कार्यालयबाट दैनिक ७० देखि ८० पिन्ट रगतको माग हुने गरेको बताए। जिल्लामा सिकलसेल, थालसेमियालगायत बिरामीलाई रगत आवश्यक पर्ने भएका कारण बाँकेमा रगतको मागअनुसार आपूर्ति नभएको उनको भनाई छ।

विभिन्न सङ्घसंस्थाले रक्तदान कार्यक्रम गर्ने जानकारी दिएकाले केही दिन माग धान्न सकिने जानकारी दिँदै प्रमुख रेग्मीले विभिन्न समूहको गरी करिब ५० पिन्ट बढी रगत मौज्दातमा नरहेको बताए।

जिल्लाका विभिन्न अस्पतालमा सोभन्दा बढी रगत आवश्यक पर्ने गरेकाले पूरा गर्न नसकिने हुँदा समस्या चर्किँदै गएको बताइएको छ। मानव धर्म सेवा समाज, जनमत अर्ध साप्ताहिक, खजुराको धवलागिरि विद्यालय, संविधान दिवसमा कर्मचारी, असोज ४ गते लायन्स क्लबले रक्तदान गर्न लागिएको छ।

रक्तदान गर्नेले केन्द्रमा आवश्यक समूहको रगत नरहेमा रक्तदान गर्दा पनि माग गरेको समूहका रगत पाउने अवस्था नरहेको बताइएको छ। यसले सामाजिक सञ्जालमा पछिल्ला दिनमा रगत समूह उल्लेख गरेर रक्तदानको आह्वान गरिएको रक्तसञ्चार केन्द्रले जनाएको छ।

त्रैमासिक रूपमा रक्तदान कार्यक्रमको आयोजना गर्दै आएका जनमत अर्ध साप्ताहिकका सम्पादक पूर्णलाल चुकेले रक्तसञ्चार केन्द्र पुग्दा रगतको अभाव रहेको औँल्याउँदै केही दिनअघि रक्तदान गरेर ४० पिन्ट रगत सङ्कलन गरेको बताए। उनले रगतको अभाव हटाउन पुनः सङ्घ संस्थासँग समन्वय गरेर रक्तदान कार्यक्रम आयोजना गर्न लागेको जानकारी दिए। सो रक्तसञ्चार केन्द्रले नेपालगञ्ज, कोहलपुर र खजुराका अस्पतालमा रगत उपलब्ध गराउँदै आएको छ।

## सम्पादकीय....

# उर्जा विकासमा सकारात्मक सन्देश

कर्णाली उर्जा उत्पादनका हिसावले देशमै अग्रणी भुमिकामा छ । यहाँका साना ठुला नदी तथा खोलहरुबाट १८ हजार मेगावाट बढी विजुली निकाल्न सकिने सम्भावना रहेको विभिन्न अध्ययनहरुले देखाएका छन् । प्राकृतिक स्रोत साधनले भरिपूर्ण कर्णाली आफैमा वैभवशाली भुमि हो । राज्यको हेपाहा दृष्टिकोणले प्रकृतिले दिएको स्रोतको उचित फाइदा कर्णालीले अझै पनि लिन सकेको छन् । कर्णालीका नदी नालामा सदाबहार बगिरहेको पानीको सदुपयोग मात्र गर्न सके कर्णालीलाई विकासको मुलधारमा ल्याउन राज्यले धेर सारो मेहनत गर्नुपर्ने छैन् । मात्र आवश्यकता कर्णालीमा उर्जा विकासका लागि अध्ययन भएका आयोजनाहरु समयमै समन्न गराउँनतर्फ ध्यान केन्द्रित गरिदिए मात्रै पुग्छ ।

कर्णाली प्रदेशमा हालसम्म कुनै पनि ठूला जलविद्युत आयोजनाहरु सञ्चालनमा छैनन् । केही ठूला र महत्वपूर्ण जलविद्युत आयोजना भने निर्माणाधीन अवस्थामा छन् । निर्माणको चरणमा प्रवेश गरेका यी आयोजनाले कर्णालीमा विस्तारै उर्जा विकासको युग सुरु हुँदैछ भन्ने सकारात्मक सन्देश दिइरहेका छन् भन्दा फरक नपर्ला । आयोजना कार्यान्वयनको चरणमा जाँदा स्थानीय स्तरमा रोजगारी सिर्जना, स्थानीय बासिन्दाहरुको दक्षता तथा क्षमतामा वृद्धि, स्थानीय स्तरमा उत्पादन हुने उपजहरुको बजरीकरण विस्तारै सुरु हुँदैछ । यी आयोजना सम्पन्न भएमा यसको पहिलो लाभ कर्णालीले लिनेछ । यसका साथै यसको समर्ग लाभ राज्यलाई प्राप्त हुनेमा दुई मत छैन । यी आयोजनाबाट उर्जाको उत्पादन, ग्रामीण विद्युतिकरणका अवसरहरु, ग्रामीण अर्थतन्त्रमा सुधार, स्थानीय पर्यटन विकासका अवसर तथा स्थानीयलाई शेयर लगानीको अवसर खुल्ने निश्चि छ । जलविद्युतको उत्पादन बृद्धि गरी उर्जाको निरन्तर बढ्दो माग पूरा गर्न र विदेशबाट आयात गरिने विद्युतलाई प्रतिस्थापनमा गर्न कर्णालीले सघाउने छ । आयोजना निर्माण भई सञ्चालनमा आएमा कर्णालीको आन्तरिक विद्युतको माग परिपूर्ति हुनुका साथै बाँकी बिजुली छिमेकी देशहरुमा बिक्री गरी समष्टिगत रुपमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्नेछ ।

कर्णालीको उर्जा विकासमा छिमेकी देश भारत तथा अन्य मित्र राष्ट्रहरुले लगानी गर्न उत्सुकता देखाइरहेको छन् । यो हाम्रा लागि सकारात्मक विषय पनि हो । नेपाल एक्लैले कर्णालीका ठुला जलविद्युत आयोजनाहरु अगाडि बढाउन सक्ने अवस्था छैन । विदेशी लगानी बिना अगाडि बढाउन सम्भव नभएको अवस्थामा मित्र राष्ट्रहरुलाई लगानी गर्ने वातवरण मिलाउन सके लगानीका हिसावले ठुला भनिएका आयोजनाहरु सहजै सम्पन्न गर्न सकिन्छ । कुनै पनि आयोजनामा लगानी गर्नअघि लगानीकर्ताले आफ्नो लगानीको सुरक्षा खोजेको हुन्छ । कर्णालीमा दशकौं अघिदेखि निर्माणको चर्चा चलेका केही आयोजनामा स्वार्थ केन्द्रित व्यक्तिका गलत गतिविधिले लगानीकर्ता आवश्वस्त हुन नसकेको अवस्था छ । उर्जामा लगानी नगरेसम्म कर्णालीलाई विकासको मुलधारमा ल्याउन कठिन छ । लगानी सुनिश्चिता भएका आयोजनाहरु अगाडि बढाउनेक्रममा स्थानीयस्तरमा देखिने समस्या हल गर्न राज्यले विशेष ध्यान दिनुपर्छ । कतिपय आयोजनामा नीतिगत अल्झनका कारण समस्या छ । वर्षौंअघि सुरु भएका कतिपय आयोजनाहरु जग्गा भोगाधिकार, रुख कटानको अनुमति लगायतका नीतिगत अल्झनका कारण देखिनेगरी प्रगति गर्न सकेका छैनन् । कर्णालीको उर्जामा लगानी गरेका र गर्न चाहने निर्माण कम्पनीहरुलाई जवाफदेही बनाउँदै समयमै आयोजना सम्पन्न गर्ने वातावरण राज्यले सिर्जना गरिदिनु पर्दछ । यसमा प्रदेश र स्थानीय सरकार तथा स्थानीयवासीको भुमिका पनि उत्तिकै छ । वास्तवमै भन्नु पर्दा सुनको सिरानी हालेर नुनको खोजिमा हिंडेको कर्णालीले प्राप्त गरेको प्राकृतिक स्रोत साधनबाट उचित लाभ लिन खोजिरहेको छ । कर्णालीको यही अपेक्षा र सपना पुरा गर्नतर्फ राज्यले सानो मात्रै प्रयास गरिदिएको खण्डमा कर्णालीले समर्ग देशको आर्थिक समृद्धिमा ठुलो टेवा पुऱ्याउने छ । यसतर्फ राज्यले सोच्न ढिला गरिरहेको छ ।

## विश्व

# जापानमा वृद्धवृद्धाको संख्या उच्च

**टोकियो, ३१ भदौ ।**

जापानमा यस वर्ष ६५ वर्ष वा सोभन्दा बढी उमेर समूहका व्यक्तिको संख्या तीन करोड ६२ लाख ५० हजार पुगेको सरकारी तथ्यांकले देखाएको छ ।

जापानको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले आइतबार सार्वजनिक गरेको तथ्यांकअनुसार जापानको कुल जनसंख्याको २९.३ प्रतिशत वृद्धवृद्धा छन् ।

विश्वका २०० देश र एक लाखभन्दा बढी जनसंख्या भएका क्षेत्रको सूचीमा ज्येष्ठ नागरिकको अनुपातका आधारमा जापान शीर्ष स्थानमा रहेको मन्त्रालयले जनाएको छ ।

इटाली, पोर्चुगल, ग्रिस, फिनल्यान्ड, जर्मनी र क्रोएसियाले युरोपको प्रतिनिधित्व गर्दै शीर्ष १० मा २० प्रतिशतभन्दा बढी वृद्धवृद्धाको जनसंख्या दर भएका मुलुकका रूपमा प्रतिनिधित्व गरेका छन् । दक्षिण कोरिया १९.३ प्रतिशत र चीन १४.७ प्रतिशत वृद्धवृद्धाको जनसंख्या रहेको छ । जापानले बढ्दो जनसंख्या संकटको सामना गरिरहेको छ । बढ्दो वृद्ध जनसंख्याले चिकित्सा र कल्याणकारी लागत बढाउँछ । साथै, यसको लागि भुक्तानी गर्न श्रम शक्ति घट्दै जान्छ । जापानको सरकारी तथ्यांकअनुसार देशको कुल जनसंख्या पाँच लाख ९५ हजारले घटेर १२ करोड ४० लाखमा झरेको छ ।

आइतबारको तथ्यांकअनुसार सन् २०२३ मा जापानमा ९१ लाख ४० हजार वृद्धवृद्धाले कुनै न कुनै रोजगारी पाएका छन् । उनीहरूले कुल श्रमशक्तिको १३.५ प्रतिशत प्रतिनिधित्व गर्छन् वा हरेक सातमा एकजना रोजगार कर्मचारीको प्रतिनिधित्व गर्छन् ।

जापान सरकारले आफ्नो जनसंख्याको ह्रास र वृद्धवृद्धाको जनसंख्यालाई सन्तुलनमा राख्ने प्रयासस्वरूप विभिन्न योजनाहरू सार्वजनिक गरेको भए पनि यसले सार्थकता पाउन सकेको छैन ।

# 'उत्तर कोरिया युक्रेनका लागि सबैभन्दा ठुलो खतरा'

**किएभ, ३१ भदौ ।**



उत्तर कोरियाले रुसलाई प्रदान गर्दै आएको ठुलो परिमाणको गोलाबारुदसहितको सैन्य सहायता युक्रेनका लागि सबैभन्दा हानिकारक रहेको युक्रेनले दाबी गरेको छ । युक्रेनी गुप्तचर प्रमुख किरिलो बुडानोभले शनिबार उक्त दाबी गरेका हुन् ।

भिक्टर पिन्चुक फाउन्डेसनले किएभमा आयोजना गरेको सम्मेलनमा उनले रुसका अन्य सहयोगी इरान र चीनको समर्थनबारे सोधिएको प्रश्नको जवाफ दिँदै भने, 'रुसका सबै मित्रराष्ट्रमध्ये हाम्रा लागि सबैभन्दा ठुलो समस्या उत्तर कोरियाबाट आएको छ । उनीहरूले आपूर्ति गर्ने सैन्य उत्पादनको मात्राले वास्तवमा युद्धको तीव्रतालाई असर गर्छ,' बुडानोभले भने ।

उत्तर कोरियाली नेता किम जोङ उनले उत्तर कोरिया भ्रमणका क्रममा सुरक्षा प्रमुख सेर्गेइ सोइगुसँगको वार्ताका क्रममा रुससँग सम्बन्ध प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गरेका वेला युक्रेनी गुप्तचर प्रमुखले यस्तो टिप्पणी गरेका हुन् ।

# शैक्षिक सुशासनमा स्थानीय तह



✍ **हरि पौडेल**




विद्यालयमा सञ्चालन हुने शैक्षिक, भौतिक, आर्थिक तथा जनशक्ति परिचालनलगायतका सबै प्रक्रिया विद्यालय सुशासन अन्तर्गत पर्छन् । विद्यालय सुशासन विद्यालयमा सञ्चालन हुने सबै गतिविधि प्रभावकारी, पारदर्शी, र उत्तरदायी तरिकाले व्यवस्थापन गर्ने प्रणाली हो । यसको उद्देश्य विद्यालयमा शिक्षण सिकाइका लागि सुरक्षित एवं उपयुक्त वातावरण कायम गर्नु हो । विद्यालय शैक्षिक क्रियाकलापमा विद्यार्थी, शिक्षक, कर्मचारीको प्रत्यक्ष संलग्नता रहन्छ ।

पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता, समावेशिता एवं कानुनको परिपालना आदि विद्यालय सुशासनका मुख्य तत्व हुन् । विद्यालय सुशासनले विद्यालयको शैक्षिक वातावरण सुधार्न, विद्यार्थीको सिकाइ उपलब्धिलाई स्तरीय बनाउन एवं विद्यालयको समग्र विकासलाई स्थायित्व दिन मद्दत पुऱ्याउँछ । प्राचीन कालमा नेपालमा विद्यालय सुशासनको कुनै अवधारणा थिएन । विद्यालय प्रायः धार्मिक संस्थाहरूले सञ्चालन गर्दथे । विद्यालयमा आध्यात्मिक एवं नैतिक शिक्षा दिइने गरिन्थ्यो । विद्यालय समुदायले नै सञ्चालन गर्दथे । राणा शासनकालमा पनि विद्यालय सुशासनका सम्बन्धमा उल्लेख्य कार्य भएको पाइँदैन । विसं १९९८ मा शिक्षाको इस्तिहार जारी गरी केही थिति बसाउन खोजेको देखिन्छ । प्रजातन्त्रको स्थापनासँगै नेपालमा शिक्षामा व्यापक जनचेतना फैलियो । हरेक गाउँ, सहरमा धमाधम स्कुल स्थापना हुन थाले । यिनै विद्यालयको व्यवस्थापन तथा नियमन गर्न २००७ सालमा शिक्षा विभागको स्थापना भयो । विद्यालयको व्यवस्थापनमा विद्यालय सुशासनका लागि नीति नियम बन्न थाले । २०२८ सालमा राष्ट्रिय शिक्षा योजना लागु भएपश्चात विद्यालयहरूलाई संस्थागत बनाउने प्रयास गरियो । विद्यालय सञ्चालन तथा व्यवस्थापनमा स्थानीय समुदायको सहभागितालाई प्रोत्साहित गरियो । यसै समयदेखि विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरी विद्यालय सुशासनको अवधारणा प्रारम्भ भयो । २०४६ सालको जनआन्दोलनपछि, नेपालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भयो र यसले शिक्षा प्रणालीमा पनि ठुलो प्रभाव पाऱ्यो । यस अवधिमा विद्यालय शिक्षा क्षेत्रमा विकेन्द्रीकरणको पहल गरियो र विद्यालय व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता पनि बढ्न थाल्यो ।

२०८० सालको एसइई परीक्षामा सहभागी भएका चार लाख ६४ हजार ७८५ जना विद्यार्थीमध्ये जब ४७.८६ प्रतिशत मात्र विद्यार्थी ग्रेडेड हुन सफल भए । तब विद्यालय शिक्षा सुधारको अवधारणाले महिना दिनसम्म निकै चर्चा पायो । ५२.१४ प्रतिशत विद्यार्थी ननग्रेडेड हुनुको कारण शिक्षकलाई दोषारोपण गरेर चर्चा सेलाउँदै गयो ।

विद्यालय सुशासनले शिक्षाको गुणस्तर सुधार्न, विद्यार्थीको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउन र समाजमा शिक्षा प्रतिको विश्वास कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ । शिक्षा प्रणालीलाई सुधार गरी सुशासन कायम गर्न स्थानीय तहमा विद्यालय व्यवस्थापन समिति सक्रिय रहेको छ । जसले विद्यालय सञ्चालन रेखदेख तथा व्यवस्थापन कार्य गर्छ । विद्यालय व्यवस्थापन समिति स्थानीय तहले निर्माण गरेको ऐन तथा नियमावालीबमोजिम हुने भएकाले स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्ने प्रमुख संस्थाका रूपमा रहेको छ । यस्तै हरेक विद्यालयमा अभिभावक शिक्षक सङ्घ रहने प्रावधान रहेको छ । अभिभावक शिक्षक सङ्घले अभिभावक र विद्यालयबिचको सहकार्य बढाउन र विद्यालयको शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

विद्यालय व्यवस्थापन समितिले विद्यालयमा सुशासन कायम गर्न आफ्नो विद्यालयप्रतिको उत्तरदयित्व तथा जवाफदेहिता इमानदारीपूर्वक निर्वाह गर्न सक्नु पर्छ । विद्यलयमा जनसहभिगता जुटाई विभिन्न जिम्मेवारी दिई अभिभावकमा अपनत्वको भावना सिर्जना गराउनु पर्छ । विद्यालयका नीति निर्माण तथा कार्यक्रम कार्यान्वयनमा सबैको सहमति उन्मुख कार्यपद्धति अवलम्बन गरिनु पर्छ । विद्यालयको आर्थिक तथा प्रशासनिक कार्य पारदर्शी रूपमा कार्यान्वयन गरी कानुनको परिपालनाको प्रत्याभूति दिन सक्नु पर्छ । नैतिकता र सदाचारितालाई सिरोपर गरी स्वतन्त्र र तटस्थ रही आधारभूत मानव अधिकारको संरक्षण गर्न प्रतिबद्ध रहनु पर्छ । हरेक कार्य मितव्ययी एवं प्रभावकारी कार्यान्वयन गरी कार्यदक्षता प्रमाणित गराउन सक्नु पर्छ । यस्ता कार्य प्रमाणित गर्न विद्यालयमा अभिभावक भेला, सार्वजनिक सुनुवाइ, गुनासो सुनुवाइ, सामाजिक परीक्षण, जस्ता कार्य नियमित रूपमा गरिनु पर्छ । विद्यालयको आर्थिक लेखा परीक्षण, विद्युतीय सामग्रीमा विद्यालयका गतिविधि सार्वजनिकरण गर्नाले पनि विद्यालय सुशासनको प्रत्याभूत गर्छ । यस्तै विद्यालयको वार्षिक कार्यतालिका, दैनिक कार्य तालिका, सूचना अधिकारीको व्यवस्था, नागरिक बडापत्र, गुनासो पेटिका आदिले पनि विद्यालय सुशासन कार्यमा मद्दत पुऱ्याउँछ । विद्यालय तहमा सुशासन कायम गर्न स्थानीय निकायले देहायका विषयलाई कार्यान्वयनमा ल्याउनु पर्छ ।

**नीतिगत सुधार** : सङ्घीय सरकारले विद्यालय सुशासनका लागि तय गरेका नीति र योजना जस्तै विद्यालय व्यवस्थापन समितिको सशक्तीकरण, स्थानीय सरकारको भूमिकामा विस्तार र अभिभावक तथा समुदायको संलग्नतामा प्रोत्साहन जस्ता कार्यक्रम लागु गरेर विद्यालयमा सुशासन कायम गर्न सकिन्छ ।

समितिको भूमिका विस्तार : विद्यालय व्यवस्थापनलाई विद्यालयको निर्णय प्रक्रियामा सहभागी गराएर, उनीहरूको क्षमता अभिवृद्धिका लागि तालिम दिएर, समितिलाई थप अधिकार प्रदान गरेर विद्यालयमा सुशासन कायम गराउन सकिन्छ ।

**अभिभावक तथा समुदायको सक्रिय सहभागिता**: विद्यालयको अनुगमन निरीक्षण, शुल्क निर्धारण, छात्रवृत्ति वितरण, भौतिक निर्माण जस्ता विभिन्न कार्यक्रममा अभिभावक तथा समुदायको सक्रिय सहभागिता गराएर उनीहरूको सहभागिता बढाउन सकिन्छ । स्थानीय अभिभावकको सक्रिय सहभागिताले विद्यालयको कार्यसम्पादन कार्यमा मद्दत पुऱ्याउँछ ।

**कक्षा कोठाको शिक्षण सिकाइ प्रक्रियामा सुधार** : कक्षा कोठाको शिक्षण प्रक्रियामा सुधार गर्न शिक्षकलाई सेवा प्रवेश तालिम, समय अन्तरालमा लामा तथा छोटा तालिम, स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यक्रम कार्यन्वयन, शैक्षिक सामग्री निर्माण र प्रयोगले शिक्षकलाई प्रभावकारी शिक्षण प्रक्रियामा दक्ष र सक्रिय बनाउँछ । शिक्षकलाई दलीय राजनीतिमा निष्क्रिय बनाएमा कक्षा कोठाको शिक्षण सिकाइ प्रक्रियामा सुधार आउँछ ।

**सूचना प्रविधिको अधिकतम प्रयोग** : विद्यालयमा सूचना प्रविधिको अधिकतम प्रयोगले विद्यालय सुशासनमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । अतः विद्युतीय उपकरणको प्रयोगले अध्ययन अध्यापन गराउने, नतिजा प्रकाशन गर्ने तथा विद्यालयका गतिविधि डिजिटल प्रविधिमा राख्ने गरिएमा विद्यालयको गतिविधिलाई पारदर्शि बनाउँछ ।

**पारदर्शिता** : विद्यालयमा हुने भौतिक निर्माण, छात्रवृत्ति वितरण, परीक्षा सञ्चालन, अन्य सेवा सुविधा वितरण, दैनिक कार्य सञ्चालनलगायतका वित्तीय पारदर्शिता विद्यालय सुशासनको सूचक हुन् । अतः बजेट निर्माण, खर्चको लेखा परीक्षण, सामाजिक परीक्षण, अनुगमन निरीक्षण प्रणाली, खुला अभिलेख व्यवस्थापन प्रणाली लागु गराएर सुशासनको नमुना प्रदर्शन गर्न सकिन्छ ।

**अनुगमन र मूल्यात्तन** : नियम कानुनको परिधिमा रहेर विद्यालयको कार्यसम्पादनको अनुगमन र मूल्याङ्कन नियमित रूपमा गरिनु पर्छ । नियमित एवं आवधिक अनुगमन र मूल्याङ्कनले विद्यालयले निर्धारित गरेका लक्ष्य पूरा गरेको सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ । यिनै विद्यालय सुशासन सुधारका महत्त्वपूर्ण कदमले विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन मद्दत गर्छ । विद्यालय सुशासनले विद्यार्थीको शैक्षिक सिकाइलाई समृद्ध बनाई समग्र समाजको विकासमा योगदान पुऱ्याउँछ ।

स्थानीय निकायको सक्रिय सहभागिता र सरकारी नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्दागर्दै पनि विद्यालयका विभिन्न चुनौती विद्यमान रहेका छन् । विद्यालय सञ्चालनका लागि पर्याप्त स्रोतको अभाव छ । सामुदायिक विद्यालय निःशुल्क भनिएको छ तर पर्याप्त तह र विषयगत शिक्षकको अभाव छ । जहाँ अभिभावकसँग शुल्क लिएर शिक्षक राख्नु पररिरहेको अवस्था छ । विद्यालयको भौतिक संरचना पूर्ण छैनन्, भएका पनि कमजोर छन् । लैङ्गिक असमानता छ । अशिक्षा र गरिबीले केही बालबालिका शिक्षाको पहुँचभन्दा बाहिरै छन् । यस्तो अवस्थामा स्थानीय तहरूलाई विद्यालयका आधारभूत आवश्यकता पूरा गर्न नै धौ धौ परिरहेको छ । अतः सङ्घीय सरकारले स्थानीय सरकारलाई पूर्ण सहयोग हुनु पर्छ ।

सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी विद्यालय शिक्षासम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा भूमिका खेल्नु पर्छ । विद्यालयहरूको कार्यसम्पादन सुधार्न र आवश्यक सुधारका लागि विद्यालयको नियमित अनुगमन र मूल्याङ्कन गरेमा विद्यालय सुशासनमा सकारात्मक प्रभावपारी शैक्षिक गुणस्तर सुधार्न, विद्यालयको कार्यसम्पादन वृद्धि गर्न र विद्यार्थीको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने छ ।

*(गोरखापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | वाणीमा कुशलता आउने दिन परेको छ । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यात्रा गर्ने अवसर पनि जुट्नेछ । |
| वृष | घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ । परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ । |
| मिथुन | परोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । आजको दिन मनोरञ्जनपूर्ण रहनेछ । व्यवसायिक क्षेत्रबाट पनि लाभ हुनेछ । |
| कर्कट | धार्मिक र सामाजिक महत्त्व भएको क्षेत्रमा भ्रमण हुनसक्छ । दूरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । |
| सिंह | आज कामको सन्दर्भमा आउँने प्रतिस्पर्धीहरूलाई किनारा लगाउँदै महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिनेछ । सजिलै अरूको मन जित्न पनि सकिनेछ । |
| कन्या | आज घरमा कुटुम्बको आगमन हुने एवं परिवारमा नयाँ सदस्य थपिन पनि सक्ने सम्भावना छ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर पनि जुट्ला । |
| तुला | आज आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ । |
| वृश्चिक | आज मन खिन्न हुने स्थिति आउनेछ । महत्त्वाकाङ्क्षी योजना गोप्य राखेर अघि बढ्नुहोला । राजनीतिक कार्यमा बाधा पनि आउनसक्छ । |
| धनु | आज भाग्यले साथ दिनेछ । आज परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ । आफन्तजनहरू खुसी हुने समाचार दिन सकिन्छ । |
| मकर | निर्णय कार्यान्वयन हुन सक्दैनन् । आफ्नो विचार विपरित निर्णय हुनेछ । नजिकका व्यक्तिबाट काममा बाधा आउला । आत्मबलमा कमी आउनेछ । |
| कुम्भ | परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ । |
| मीन | आज यात्रा गर्दा ध्यान दिनुहोला बाटोमा दुःख हुन सक्छ । स्वरोजगारीका निम्ति दौडधुप गर्नुपर्ने हुन सक्छ, तर आफन्तको साथ र सहयोग पाइनेछ । |

# हवाई दुर्घटनाबारे अध्ययन गर्न उच्चस्तरीय छानबिन समिति बन्ने

**युग संवाददाता**
**काठमाडौँ, ३१ भदौ ।**

सरकारले हवाई दुर्घटना जाँचका लागि अधिकारसम्पन्न उच्चस्तरीय समिति बनाउने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले अहिलेसम्म भएका हवाई दुर्घटनामा बनेका जाँच आयोगका प्रतिवेदनले उठाएका सवालबारे अध्ययन गर्न उचचस्तरीय समिति बनाउने जानकारी दिए ।

मन्त्रालयमा सोमबार सञ्चारकर्मीसँगको अन्तरक्रियामा उनले न्यायिक क्षेत्रका व्यक्तिको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति बनाउने र समितिले उठाएका विषयलाई सरकारले कार्यान्वयन गर्ने बताए । उक्त प्रयोजनका लागि मन्त्रीपरिषद्मा प्रस्ताव पेस भइसकेको र चाँडै सार्वजनिक गरिने जानकारी दिए ।

मन्त्री पाण्डेले पुनरावेदन अदालतका पूर्वमुख्य न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय समिति गठन हुने जानकारी दिए । "नागरिक उड्डयन क्षेत्रमा उच्चस्तरीय समिति बनाउनेगरी अहिले प्रक्रिया अगाडि बढेको छ, उक्त समितिले अहिलेसम्म भएका अध्ययनको पुनरावलोकन गर्छ, प्रणालीगत रुपमै समस्या छ की भनेर समीक्षा गरेर सरकारलाई आवश्यक सिफारिस दिनेछ, त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।"

उनले अबको अध्ययन पुराना अध्ययनलाई समेत आधार मानेर अहिलेको अध्ययनलाई निष्कर्षमा निकाल्ने उल्लेख गरे । उनले भने, "पुराना अध्ययनलाई समेत 'रिफ्रेन्स' दिएर कार्यदलले प्रतिवेदन ल्याउनेछ, व्यक्ति, मन्त्री, सचिव बदलिन सक्छन् तर अध्ययनको प्रतिवेदनले दिएको कार्यभार बदलिँदैन, सरकार र मन्त्रालयको कार्यभार बदलिँदैन, त्यसैले एउटा अविछिन्न उत्तराधिकारी संस्थाका रूपमा कार्यान्वयन गर्ने गरी अधिकार सम्पन्न समिति बनाउँछौं ।"





## 'अब परिणाम आउनेगरी काम गर्छु'

पर्यटनमन्त्री पाण्डेले मन्त्रालय र मातहत निकायबारे विस्तृत रूपमा बुझ्ने काम भएकाले अब परिणाम र प्रतिफल आउनेगरी काम गर्ने विश्वास व्यक्त गरे । उनले भने, "मन्त्रालयको जिम्मेवारी सम्हालेको दुई महिनाको अवधिमा मानसिक रूपमा, नीतिगत र संरचनागत रूपमा अध्ययन र तयारी भएको अवस्था छ, अब, परिणाम र प्रतिफल आउनेगरी काम गर्छु, कानुनलाई सर्वोपरि ठानेर नीतिगत निर्णयमा अगाडि बढ्छु ।"

पर्यटनमन्त्री पाण्डेले कतिपय क्षेत्रमा तत्कालै सुधार गर्नुपर्ने र केही निकायमा रणनीतिक सुधारको विषय भएकाले कानुनी र नीतिगत व्यवस्था गरी संरचनागत र व्यवस्थापकीय सुधार गरेर लैजाने बताए । मन्त्री पाण्डेले मन्त्रालय मातहतका निकायलाई गतिशील र प्रभाकारी बनाउन लागिपरेको बताए ।

पर्यटनमन्त्री पाण्डेले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि विस्तृत कार्ययोजना अन्तिम चरणमा पुगेको जानकारी दिए । "मन्त्रीपरिषद्ले दुई अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको निम्ति पारित गरेको कार्ययोजनाबारे सम्बन्धित गृह, अर्थ, परराष्ट्र, श्रमलगायत मन्त्रालयले गर्नुपर्ने सबै कामबारे अन्तरमन्त्रालय छलफल भई कार्ययोजनालाई अन्तिम रुप दिन लागिएको छ", उनले भने ।

निगमको समस्या समाधानका लागि मन्त्रालयले सकेसम्म पहलकदमी गर्दै व्यवस्थापकीय सुधारमा प्रयासरत रहेको र विमान अभावले उडान व्यवस्थापनमा देखिएको समस्यालाई हल गर्ने गरी काम गरिने उनले विश्वास व्यक्त गरे ।

मन्त्री पाण्डेले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियमनकारी निकाय र सेवाप्रदायक निकाय बनाउनेगरी विभाजनसम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पुगेको र यसको चाँडै प्रक्रिया अघि बढ्ने विश्वास व्यक्त गरे । उनले पर्यटन नीति बनिरहेको र पर्यटन ऐनको मस्यौदा रायका लागि अर्थ मन्त्रालयमा पुगेको जानकारी दिए । पर्यटनराज्यमन्त्री अरुणकुमार चौधरीले नीतिगत र संरचनागत सुधार गरी मन्त्रालय र मातहतको कामलाई परिणाममुखी बनाउन मन्त्रालयले भगिरथ प्रयास गरिरहेको बताए । उनले गुणस्तरीय र दिगो पर्यटनको विकासका लागि मुलुकको हवाई सेवालाई बलियो बनाई पर्यटकीय पूर्वाधार विस्तार गरिनुपर्ने धारणा राखे ।

पर्यटन मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेयले नेपाल वायुसेवा निगमको संस्थागत र संरचनागत सुधार नगरी सानोतिनो सुधारले नहुने बताए । उनले निगमसँग विमान अभाव भएकाले उडान सेवा प्रभावकारी हुन नसकेको भन्दै समग्र विषयमा सुधार गर्न मन्त्रालयले गृहकार्य गरिरहेको जानकारी दिए ।

# विद्युतीय ऊर्जाको खपत बढाउन इन्डक्सन चुलो उपलब्ध गराइने

**युग संवाददाता**
**कञ्चनपुर, ३१ भदौ ।**

स्वदेशी विद्युतीय ऊर्जाको खपत बढाइ वातावरण सन्तुलित बनाउनका लागि सुदूरपश्चिम प्रदेशका छ जिल्लामा चार हजार इन्डक्सन चुलो अनुदानमा उपलब्ध गराइने भएको छ । विद्युतीय चुलो प्रवर्द्धन परियोजना अन्तर्गत सामाजिक चेतना सङ्घ (साडा) नामक संस्थाले चुलो उपलब्ध गराउन लागेको हो ।

सो संस्थाका कार्यक्रम संयोजक शङ्करदत्त अवस्थीले दार्चुलाको महाकाली, शैल्यसिखर, बैतडीको दशरथचन्द पाटन, डिलाशैनी, बझाङको केदारस्यु, जयपृथ्वी, डडेल्धुराको अमरगढी, अजयमेरु, भागेश्वर, परशुराम, गन्यापधुरा, नवदुर्गा, कैलालीको धनगढी, गोदावरी र कञ्चनपुरको भीमदत्त बेदकोट, शुक्लाफाँटा, बेलडाँडीलगायत कार्यक्रम सञ्चालनमा रहेका पालिकामा चुलो उपलब्ध गराउन लागिएको जानकारी दिए ।

"कार्यक्रमअनुसार सन् २०२४ को अन्त्यसम्म चार हजार परिवारलाई विद्युतीय इन्डक्सन चुलो उपलव्ध गराउने लक्ष्य राखेका छौँ", उनले भने, "चुलोको कूल लागत रु पाँच हजार पर्ने गरेकामा प्रति चुलोमा रु दुई हजार एक सय ५० रकम अनुदान दिनेछौँ ।"

कार्यक्रम सञ्चालनमा रहेका क्षेत्रमा इन्डक्सन चुलो प्रवर्‌द्धन गर्ने र यसका लागि सूचीकृत भएका व्यापारिक संस्थालाई प्रति इकाई दुई हजार १५० मा इन्डक्सन चुलो, प्रेसरकुकर (तीन लिटर) र कराई (२४ सिमी, दुई लिटर) मा नगद अनुदान दिने व्यवस्था गरिएको छ ।

कार्यक्रम संयोजक अवस्थीले एकल माहिला, दलित, सीमान्तकृत तथा विपन्न घरधुरीलाई विपन्नता पहिचानको आधारमा सङ्गठित भई आएमा घरको वायरिङ सुधारमा प्रति घर बढीमा रु एक हजार ७५ (२०%), एकल महिलामा आश्रित परिवार तथा विपन्न (गरिबी रातो परिचयपत्र र अति विपन्न परिवारलाई भाँडा खरिदमा थप रु एक हजार पाँच सय ७५ अनुदान दिने व्यवस्था रहेको जानकारी दिए ।

संस्थाका प्राविधिक शिवराज पनेरुले स्वच्छ ऊर्जामा सहज पहुँच पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताए । "वि.सं. २०७२ मा भारतले गरेको नाकाबन्दीले गर्दा ग्यास आपूर्तिमा हुन गएको असहजताले यसको विकल्पको बारेमा सोच्दा संस्थाले यो कार्यक्रम अगाडि बढाएको हो", उनले भने, "दाउरा, गुइँठा, ब्रिकेट, हिटर, हुँदै हाल विद्युतीय चुलोमा पहुँच पुग्न गएको छ ।" पालिकासँग समन्वय गरी सामुदायिक वन, मध्यवर्ती क्षेत्रका समिति, सहकारीसँग सामाजिक उत्तरदायित्वको रकमसँग एकीकृत गरी विद्युतीय चुलो प्रवर्द्धन गर्ने कार्यसँगसँगै लगिएको पनेरुले जानकारी दिए ।

सुदूरपश्चिम प्रदेशका ग्रामीण क्षेत्रमा अझै पनि ७५ प्रतिशत घरधुरीमा खाना पकाउनका लागि दाउरा, गुइँठा, आदी ठोस् इन्धनलाई प्रयोगमा ल्याइने गरिएको छ । ऊर्जाको स्रोतमध्ये यी कमशल स्रोत हुन । यस्ता इन्धन बाल्दा धेरै धुँवा निस्कने भएकाले वातावरणीय र स्वास्थ्यका दृष्टिकोणले अत्यन्तै हानीकारक हुन्छन । "निमोनिया, दिर्घखोकी, श्वासप्रश्वाससम्बन्धी समस्या, फोक्सोको क्यान्सर आदि घरभित्रको धुँवाले गर्दा लाग्ने रोग हुन", प्राविधिक पनेरुले भने, "डब्लुएचओको २०२१ को प्रतिवेदनअनुसार घरभित्रको धुँवाका कारण सृजित रोगका कारण प्रत्येक वर्ष नेपालमा लगभग २२ हजार आठ सय जनाले अकालमा ज्यान गुमाउने गर्दछन् ।"

खाना पकाउने एलपीजी ग्यासको आयातमा प्रत्येक वर्ष ठूलो रकम (लगभग ६५ अर्ब) देश बाहिर गइरहेको उल्लेख गर्दै उनले विद्युतीय ऊर्जामा आधारित चुलोको प्रयोग गरे एलपिजी ग्यासको निर्भरतमा कमी ल्याउन सकिने धारणा राखे । सोह्रौँ आवधिक योजनामा एलपिजी ग्यासमा विद्यमान अनुदानलाई न्यूनीकरण गर्दै २५ प्रतिशत घरमा विद्युतीय चुलोलाई प्रवर्द्धन गर्ने कार्यक्रम रहेको छ । एलपिजी ग्यासभन्दा विद्युतीय चुलो प्रयोग गर्दा ४० देखि ४५ प्रतिशतसम्म सस्तो र ३० देखि ४० प्रतिशतसम्म समयको बचत हुने गरेको बताइएको छ । सोह्रौँ योजनाको अन्त्यसम्म ९६ दशमलव ७ प्रतिशत घरमा विद्युत् सेवा पुऱ्याउने लक्ष्य राखिएको छ ।

शुक्लाफाँटा नगरपालिका उपप्रमुख कल्पना पन्त विद्युतीय चुलोको प्रयोग गर्दा स्वास्थ्य र आर्थिक रूपमा समेत सकारात्मक सहयोग पुग्ने बताए । "विद्युतीय चुलोलाई प्रवर्द्धन गर्दा वन-जङ्गलले ढाकेको देशको कूल क्षेत्रफल ४५ प्रतिशत कायम राख्न मद्दत पुऱ्याउनाका साथै यसको प्रयोगबाट पूर्ण रूपमा धुँवामुक्त र स्वस्थ हुन सकिन्छ", उनले भने, "अहिले देशमा पर्याप्त मात्रमा बिजुली छ र आगामी दिनमा थप बिजुली उत्पादन हुने देखिएकाले आफ्नै उत्पादनको प्रयोग गरेर देशको आर्थिक बचतमा टेवा पुग्नसक्छ ।"

# लुम्बिनी प्रदेश योजना आयोगको उपाध्यक्षमा अर्याल नियुक्त

**युग संवाददाता**
**लुम्बिनी, ३१ भदौ ।**

लुम्बिनी प्रदेश सरकारले प्रदेश योजना आयोगमा रिक्त पदाधिकारी नियुक्त गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षमा सोमबार बसेको मन्त्रीपरिषद् बैठकले प्रदेश योजना आयोगको उपाध्यक्षमा गुल्मी मालिका गाउँपालिका-८ निवासी डा. डिल्ली राज अर्याललाई नियुक्त गर्ने निर्णय गरेको छ ।

बैठकले आयोगको सदस्यमा रोल्पा परिवर्तन गाउँपालिका-६ निवासी डा. सुदनकुमार वली, दाङ घोराही उपमहानगरपालिका-१६ निवासी भुवन चौधरी र रुपन्देही बुटवल उपमहानगरपालिका-१८ निवासी शान्तादेवी ढकाललाई नियुक्त गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए ।

## उपमहानगरद्वारा...

पाएको उपमहानगरका राजस्व शाखा प्रमुख डिल्लीराज ओझाले जानकारी दिए । उनका अनुसार वि.सं. २०८१ असोज १ गतेदेखि सुरु हुने नगर बससेवाको न्यूनतम भाडादर रु २० तोकिएको छ । करिब सात किलोमिटर दूरीमा २० तिरेर नगर बसमा यात्रा गर्न पाइनेछ । बस बिहान ६ देखि साँझ ७ बजेसम्म नियमित रूपमा सञ्चालन हुनेछ । हरेक दिन कैलारीको हसुलियाबाट बिहान छ बजे बस छुट्नेछभने दुई बसको अन्तराल अधिकतम ३० मिनेटभन्दा बढी नहुने राजस्व शाखा प्रमुख ओझाको भनाई छ । नगर बस रोकिने स्थानको तय उपमहानगर र कम्पनीले गर्ने बताउँदै तोकिएको स्थानमा मात्रै यात्रु झर्ने र चढ्ने व्यवस्था मिलाइने उनले बताए ।

दश वर्ष अर्थात् २०८१ भदौ मसान्तसम्म नगर बस सञ्चालनको ठेक्का के एन्ड के कन्स्ट्रक्सनले पाएको हो । नगर बस सञ्चालनले सर्वसाधारणलाई लाभ भएको नगर प्रमुख गोपाल हमालले बताए । फूलबारीमा अस्पताल निर्माण, खेलकुद ग्रामको विकास, गौशाला निर्माणजस्ता विकास निर्माणका काम गर्न उपमहानगर अग्रसर रहेको उनले बताए ।

## कृषिका...

भएमात्र समाजवादको लक्ष्य पुरा हुन्छ," उनले भने, "मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउन सबै दलले गफ होइन, काम गर्नुपर्दछ ।" मुलुकमा राजनीतिक क्रान्ति सफल भए पनि कृषि तथा आर्थिक क्रान्ति आगामी कार्यदिशा हुनुपर्ने उनको भनाइ थियो ।

कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव टीकाराम थापाले किसान र कृषि पेसालाई सम्मान नगरिएसम्म मुलुक परनिर्भर हुने धारणा राखे । "राज्यले नै युवालाई विदेश पठाउन प्रोत्साहन हुने गरी वैदेशिक रोजगार विभाग खडा गरेको छ," उनले भने, "अनि कसरी युवाहरू नेपालमा बस्छन् । स्वदेशी रोजगार विभाग खोलेर मुलुकमै रोजागरको व्यवस्था गर्नुपर्दैन र ?"

मन्त्रीले आफ्नो पद जोगाउन योजना छनोट गर्ने संस्कृतिले कृषि तथा अर्थतन्त्रको विकास र आत्मनिर्भरता कायम हुन नसक्ने उनको भनाइ थियो । उक्त विचार गोष्ठीमा नेपाली कांग्रेस प्रदेस समितिका महामन्त्री निरञ्जन केसी, जिल्ला उपसभापति विष्णु खड्का, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रतिनिधि गङ्गाराम तिमिल्सिना, आइडिया नेपालका खगेन्द्र चाम्लिङ राईलगायतले आफ्ना धारणा व्यक्त गरे । सोही क्रममा नेपालको कृषि क्रान्ति, सम्भावना, चुनौती र भावी कार्यदिशाका बारेमा चारवटा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

# दायित्व बेहोर्नुपर्ने अवस्था हटाउन सञ्चयकर्ताको माग

**युग संवाददाता**
**सुदूरपश्चिम, ३१ भदौ ।**

कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताहरूले लिएको ऋणलाई पुँजीकृत गरी सञ्चयकर्ताले सधैँ दायित्व बेहोर्नुपर्ने समस्या हटाउन माग गरेका छन् । कोषद्वारा सोमबार धनगढीमा आयोजित ६३ औँ वार्षिकोत्सव समारोहमा सञ्चयकर्ताहरूले ऋण लिने र दिनेबीचको हाल कायम ब्याजदरको अन्तर कम गर्ने नीति ल्याउन उचित हुने सुझाव दिए ।

सामाजिक सुरक्षासम्बन्धी थप योजना ल्याउनुपर्ने र ज्येष्ठ नागरिकका लागि 'ओल्ड केयर सेन्टर'स्थापना गरी वृद्धवृद्धाको हितमा काम गर्न उचित हुने सञ्चयकर्ताहरूले सुझाव दिएका छन् । सो अवसरमा सुदूरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव डा हरिप्रसाद लम्सालले कोषको कामलाई थप सञ्चयकर्ता मैत्री बनाउँदै सेवालाई सहज, सरल एवं सुलभ बनाउनुपर्ने बताए ।

कोषका धनगढी शाखा कार्यालयका प्रमुख राजेन्द्र लामिछानेले कोषको गतिविधिबारे जानकारी दिँदै कोषका सञ्चयकर्ताको हित र सेवामा प्रतिवद्ध रहेको बताए । कार्यक्रममा कैलालीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, प्रदेश सरकारका सचिव वेदप्रकाश भण्डारी, कर्मचारी मिलन केन्द्रका डा. हेमराज अवस्थी, शिक्षक लक्ष्मणदत्त भट्टलगायतले कोषले प्रदान गर्दैआएका सेवाका बारेमा चर्चा गरेका थिए ।

सञ्चयकर्ताको सेवालाई सहजीकरण गर्न २०६१ सालमा सुदूरपश्चिम प्रदेशको धनगढीमा कोषको कार्यालय सञ्चालन भएको थियो । कार्यालयले प्रदेशका कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा, अछाम, बझाङ, बाजुरा, बैतडी र दार्चुलाका सञ्चयकर्तालाई सेवा प्रदान गरिरहेको छ ।

आर्थिक बर्ष २०७९/८० मा कोषले मुनाफा गरेको रु ६ अर्ब पाँच करोडमध्ये रु चार अर्ब ५० करोड देशभरीका सञ्चयकर्तालाई बाँडफाँड गरी सम्बन्धितको व्यक्तिगत खातामा सुरु मौज्दातको एक दशमलब १० प्रतिशतका दरले मुनाफा रकम वितरण गरेको छ ।

त्यसैगरी सामाजिक सुरक्षा सुविधा प्रदान गर्ने प्रयोजनका लागि सञ्चयकर्ता कल्याणकारी कोषमा रु ७२ करोड २० लाख जम्मा गरिएको छ । सामाजिक सुरक्षा र सञ्चयकर्ता सापटीतर्फ कोषबाटै दायित्व व्यहोर्नेगरी सामाजिक सुरक्षा सुविधाअन्तर्गत आव २०८०/८१ मा २६ हजार ७४ सञ्चयकर्ता तथा उनीहरूका हकवालासमेतलाई करिब रु ५४ करोड २५ लाख वितरण गरिएको छ ।

सञ्चयकर्ताको सेवाकालको आवश्यकता तथा आधारभूत सुविधा प्रदान गर्न सञ्चालन भएको विषेश सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी र जग्गा खरिद सापटीमा एक लाख ४६ हजार तीनसय ३६ सञ्चयकर्तालाई रु ३९ अर्ब ७६ करोड सापटी प्रवाह गरिएको छ ।

सेवाबाट अवकाशपछि कोषबाट ८७ हजार नौसय ५६ सञ्चयकर्तालाई रु १९ अर्ब नौ करोड भुक्तानी गरिएको कोषले जनाएको छ । सञ्चयकर्ता सेवातर्फ सञ्चयकर्ताको सेवाकालीन आवश्यकतालाई सम्बोधन गर्न कोषले विभिन्न प्रकारका धितोमा आधारित सापटी प्रदान गर्दै आएको छ ।

## देशभरबाट...

जनाएको छ । जसमध्ये नौ सय ३२ वटा उजुरीउपर विस्तृत अनुसन्धान गरिएको, १३ हजार पाँच सय उजुरी तामेली गरिएको, चार सय ९६ उजुरीउपर सुझाव दिई तामेली गरिएको र १२ हजार सात सय ८६ उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कारबाहीको लागि लेखी पठाइएको आयोगले जनाएको छ ।

प्रारम्भिक छानबिनको क्रममा रहेका आठ हजार चार सय ७२ उजुरी आर्थिक वर्ष २०८१/८२ मा जिम्मेवारी सरेर आएको आयोगले जनाएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा एक हजार ५० वटा फाइलहरूको विस्तृत अनुसन्धान सम्पन्न भइ आयोग समक्ष पेश भएकोमा कुल ८६ वटा बैठक बसी दुई सय एक वटा मुद्दा दायर गर्ने निर्णयसहित विभिन्न विषयहरूमा जम्मा एक हजार दुई ९४ वटा निर्णयहरु भएको र आर्थिक वर्ष २०८०/०८१ मा विशेष अदालतमा दर्ता भएका दुई सय एक वटा आरोप पत्रमध्ये गैरकानुनी लाभ हानिसँग सम्बन्धित ५८ वटा, घुस/रिसवतसँग सम्बन्धित ४८ वटा, झुटा/नक्कली शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ३४ वटा, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसँग सम्बन्धित ३३ वटा, राजस्व चुहावटसम्बन्धी १३ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ११ वटा, र विविध विषयका चार वटा रहेको आयोगले जनाएको छ । आरोपपत्रहरूबाट कुल एक हजार पाँच सय ४५ जनालाई प्रतिवादी बनाई आठ अर्ब ४० करोड ६ लाख ४९ हजार चार सय सात रुपैयाँ बिगो मागदाबी गरिएको आयोगले जनाएको छ ।


## श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय

वीरेन्द्रनगर-११, गाग्रेताल, सुर्खेत

### २०८० साउन देखि २०८१ असार मसान्त सम्मको यथार्थ आय व्यय विवरण

| क्र. सं. | आय तर्फ विवरण | रकम | क्र. सं. | व्यय तर्फ विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | अल्या | | १ | तलब अनुदान तर्फ | १००७६१०७।०० |
| | बैंक तर्फ | ६८३७४७८।९६ | २ | तलब निजि स्रोत | ६२३५८४१।०० |
| | नगद | १२५००९।०० | | तलब कर्मचारी तर्फ | ८६४६००।०० |
| ३ | निकासा प्राप्त | | ३ | परीक्षा खर्च | ११९९१५०।०० |
| | तलब अनुदान निकासा | १००८८४६१।४० | ४ | मसलन्द | ३०९९८६।०० |
| | तलब स का निकासा | १७८०००।०० | ५ | सेवा (विज्ञापन, पानि र बत्ति सहित) | १८०२५६।०० |
| | तलब कर्मचारी निकासा | २६९५००।०० | ६ | छात्रवृत्ति वितरण | १९१६००।०० |
| | NON salary निकासा | ५३४७९२।०० | ७ | भवन निर्माण | २८१८४३५।०० |
| | परीक्षा निकासा | २६८६४१।०० | ८ | पयोगात्मक खर्च | २५६७४।०० |
| | भारतीय राजदूत अनूदान | १२००००।०० | ९ | मर्मत सम्हार | ३००७१९।०० |
| | पाठयपूस्तक निकासा | ६७१४३७।०० | १० | पमाण पत्र | २९७५०।०० |
| | नगर खनूदान निकासा | ३६००००।०० | ११ | खेलकूद | ७८७१०।०० |
| | छात्रवृत्ति निकासा | १६८८००।०० | १२ | बार्षिकोउत्सब खर्च | २४७२६०।०० |
| | दिवा खाजा निकासा | ६१५८२५।०० | १३ | पाठ्यपूस्तक | ७६२९८६।०० |
| | ११ नं वडा निकासा | १४८५००।०० | १४ | धरौटि फिर्ता | ४४००००।०० |
| | खेलकूद प्रशिक्षक निकासा | १५००००।०० | १५ | टाइ बेल्ड खर्च | ७८१९६।०० |
| | पर्खाल निमार्ण निकासा | ८४४१२५।०० | १६ | सन्चार खर्च | ४८५०।०० |
| | स्याक नेपाल निकासा | १५०००।०० | १७ | दिवा खाजा खर्च | २०३२५०।०० |
| ४ | आन्तरिक आम्दानि | | १८ | सामागी खरीद | २०३५८८।०० |
| | अभिभावक चन्दा | ७८९७४४०।०० | १९ | अतिथी सत्कार | ४२१७५।०० |
| | बैक ब्याज | ९१।१७ | २० | इनधन खर्च | ७२००।०० |
| | कर दाखीला बाकी | ३४०६।२० | २१ | लेखा परीक्षण | ३९५५०।०० |
| | | | २२ | तालिम खर्च | १२८४५।०० |
| | | | २३ | बैठक खर्च | २२०४०।०० |
| | | | २४ | विविध | २३९७०।०० |
| | | | | जम्मा खर्च | २४३९८७३८।०० |
| | | | २१ | मौज्दात | |
| | | | | बैंक हिसाब | ४८९७७६८।७३ |
| | जम्मा | २९२९६५०६।७३ | | जम्मा | २९२९६५०६।७३ |

# ७५ सालमा निर्माण हुने जाजरकोट खण्डको सडक अझै पूरा भएन



**युग संवाददाता**
**सुर्खेत, ३१ भदौ ।**

पुष्पलाल राजमार्ग (मध्यपहाडी) अन्तर्गत जाजरकोट खण्डको समयमा निर्माण नहुँदा विजोग भएको छ। कुल ८५ मिलोमिटर जाजरकोट खण्डमा लामो समयदेखि निर्माण कार्य पूरा नहुँदा भारी मात्रामा समस्या थपिँदै गएको हो।

पाँचवटा खण्ड रहेको यस राजमार्गको भेरी नगरपालिकाको कुदुदेखि छेडागाड नगरपालिकाको सुयाडा गएर टुंगिने गर्दछ। कुदु-स्याउलीखोलासम्मको १७ किलोमिटर सडक २०७५ सालमा निर्माण गर्नुपर्ने भए पनि शर्मा सिंह एण्ड ब्रदर्श जेबीलाई २०८१ असोजसम्म निर्माण गर्न समय अवधि दिइएको छ। यसमा ८०.८६ किलोमिटर प्रगति देखिएको आयोजनाका प्रमुख निमित्त योजना प्रमुख ई. अमितकुमार मण्डलले जानकारी दिए।

> शर्मा सिंह एण्ड ब्रदर्श जेबीले नै लिएको काँकीगाउँ मन्ताभीरको १० किलोमिटर सडकको २०७६ मा नै सम्पन्न गर्नुपर्ने भए पनि समयमा नै निर्माण नहुँदा २०८१ पुस मसान्तसम्म म्याद थप भएको छ।

१८.५ मिलोमिटर रहेको भेरी नगरपालिकाको स्याउलेखोला छेडागाड नगरपालिकाको काँकीगाउँसम्मको सडक खण्ड २०७५ सालमा निर्माण गर्नुपर्ने भए पनि यस सडकको हालसम्म निर्माण कार्य सम्पन्न नहुँदा २०८१ पुस मसान्तसम्म म्याद थप गरिएको छ। यो काम पनि शर्मा सिंह एण्ड ब्रदर्श जेबीले नै गरिरहेको कामको प्रगति अहिलेसम्म ६३.६० प्रतिशतमात्र रहेको आयोजना प्रमुख मण्डलले बताए। शर्मा सिंह एण्ड ब्रदर्श जेबीले नै लिएको काँकीगाउँ मन्ताभीरको १० किलोमिटर सडकको २०७६ मा नै सम्पन्न गर्नुपर्ने भए पनि समयमा नै निर्माण नहुँदा २०८१ पुस मसान्तसम्म म्याद थप भएको छ। यो सडकको ६३.७७ प्रतिशतमात्र प्रगति भएको छ। मन्ताभीर थलह बजारसम्मको ९.६ किलोमिटर सडक निर्माण गर्ने जिम्मेवारी लिएको शर्मा सिंह एण्ड ब्रदर्श जेबीले हालसम्म उक्त सडक निर्माण नगर्दा समस्या थपिँदै गएको छ।

उक्त सडक २०७६ मा निर्माण गर्नुपर्ने भए पनि हाल २०८१ पुस मसान्तसम्म म्याद थपिएको छ। यसको ४५ प्रतिशतमात्र प्रगति भएको आयोजना प्रमुख मण्डलले बताए। ३१ किलोमिटर रहेको थलह-सुयाडा सडक खण्ड निर्माणकार्य सम्पन्न भएको छ। यहाँ यातायातका साधन सञ्चालनमा छन्। एकै निर्माण व्यवसायीले धेरै ठेक्का लिने तर काम अलपत्र पार्दै समयमा निर्माण नगर्ने परिपाटिका कारण समस्या हुँदै आएको हो।

यहाँ पनि चारवटा ठेक्का एकैलाई दिएर अलपत्र पारेको देखिएको छ। निर्माणको भाका सकिएको सात वर्षसम्म सडक निर्माण नगरी म्यादमात्र थप्ने कामले गर्दा जाजरकोटका स्थानीयबासीले सडकमा यात्रा गर्ने सपनामाथि तुषारापात भएको छ। सात वर्षसम्म म्याद थपिरहने कामले राज्यले सडक निर्माण गर्न कति ताकेता दिएको रहेछ भन्ने गतिलो उदाहरण हेर्न यही सडक काफी रहेको नागरिक समाजका अगुवा राजेन्द्रविक्रम शाहले बताए। यो सडक भेरी करिडोरसँग कुदुमा जोडिने गर्दछ। भेरी नदीमा आठ वर्षभन्दा लामो समयदेखि पुलसमेत अलपत्र पर्दै आएको छ। पूर्वी रुकुम, पश्चिम रुकुम हुँदै मध्य जाजरकोट हुँदै पश्चिम जाजरकोटबाट दैलेख यो सडकले जोडने गर्दछ।

काम नगर्ने तर ठेक्काबाट पन्छिन नचाहाने तरिकाले गर्दा विकास निर्माणमा बाधा पुग्दै आएको पूर्वमन्त्री गणेशप्रसाद सिंहले जानकारी दिए। ठेक्काभरि एकैले लिने त्यो पनि पूरै गुणस्तरहीन भएको छ अर्का नेकपा (माओवादी केन्द्र) केन्द्रीय सदस्य रामदिप आचार्यले भने।

यो सडकको महत्त्व र लक्ष्य ठूलो भए पनि काम भने सन्तोषजनक नभएको उनको भनाइ छ। भत्किएको ठाउँमा समेत मर्मतको काम नगर्दा ठूलो समस्या परिरहेको छ। राज्यले यसलाई गम्भीरतापूर्वक ध्यान दिनुपर्ने हुन्छ उनले थपे। जाजरकोटको कुदुदेखि सुयाडासम्म सिधा यातायात चढेर देलेख हुँदै सुर्खेत पुग्ने सपना अझै पूरा भएको छैन। कुदुबाट रुकुम पश्चिमको चौरजहारी हुँदै रुकुमपूर्वको बीचबाट काठमाडौं जाने सपनासमेत पूरा हुन नसकेको अवस्था छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री मिना खड्का धनी रहेको, दर्ता नम्बर ६०८१/०७६/०७७ बाट भेरीगंगा न.पा-४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री शिवम् कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/ हाम्रो घरायसी /आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएकोछ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।


घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००



९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका विरामीहरु केहि समय यता बढिरहेकाले रोकथामका उपायहरु अपनाउन अनुरोध गरिन्छ।

डेंगी रोगका लक्षणहरु:



- एक्कासि ज्वरो आउने।
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने।
- थकान महसुस हुने।
- वाकवाकी लाग्ने वा बान्ता हुने।
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रुचि नलाग्ने।
- यी लक्षणहरू देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस्।

डेंगी रोगको रोकथामका उपायहरु:

- पुरा बाहुला भएको लुगा लगाउने।
- झुल भित्र मात्र सुत्ने।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने।
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने।
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने।
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टेछिर्न नसक्ने गरी छोप्ने।
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर निस्कदा वा पार्कमा जाँदा र बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने।

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जनस्वास्थ्य शाखा, सुर्खेत



घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।

कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१



Tour Package | Vehicle Rent | E-Ticketing | Trekking Guide | Shipping of goods
ENJOY YOUR JOURNEY




GANGAMALA TRAVELS & TOURS PVT. LTD.
Birendranagar-6, Surkhet
9851329169, 9858052810


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।